# बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
# मासिक कार्यसम्पादन पत्र

महिना : अप्रिल २०२५ वर्ष :४ अकं : ४


## १ : विश्वव्यापी आवधिक समिक्षा (चौथो चक्र)को प्रतिवेदन प्रकृयामा बाल सहभागिता :

७ - ९ अप्रिल २०२५ : नेपालमा बाल अधिकारको अवस्थाबारे बालबालिकाहरुकै नेतृत्वमा प्रतिवेदन तयार पार्न लागिएको छ । कन्सोर्टियमको सहजिकरण तथा बालबालिकाको नेतृत्वमा विश्वप्यापी आवधिक समिक्षा (चौथो चक्र)मा प्रतिवेदन तयार पारि संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्चायुक्त कार्यालयकम पेश गर्ने योजना रहेको छ ।



यसै प्रकृया अन्तर्गत सातै प्रदेशका बालबालिकाका प्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा विश्वव्यापि अवधिक समिक्षा के हो, यसको प्रकृया के हुने, बालबालिकाहरु कसरी सहभागि हुनसक्छन् जस्ता विषयमा छलफल गरिएको थियो । अभिमुखिकरणमा सहभागि भएका बालबालिकाहरु निम्न स्थानीय स्तरमा छलफलको आयोजना गरेका छन् :

१. गुराँस गाउँपालिका
२. परशुराम नगरपालिका
३. ईटहरी उपमहानगरपालिका
४. विरेन्द्रनगर नगरपालिका (२)
५. किर्तिपुर नगरपालिका
६. कावासोती नगरपालिका
७. मिथिला नगरपालिका (२)
८. पोखरा महानगरपालिका
९. विराटनगर महानगरपालिका
१०. नेशनल ल कलेज
११. बाल गृह, साँखु



## २. बाल सहभागिता सम्बन्धी प्रबन्धहरुको कानुन कार्यान्वयन मापनका लागि स्थलगत अवलोकन सम्पन्न :



कन्सोर्टियम नेपालसँगको सहकार्य र राष्ट्रिय सभा अन्तर्गत विधायन व्यवस्थापन समितिको नेतृत्वमा बालबालिका सम्बन्धी ऐन, २०७५ मा रहेका बाल सहभागिता सम्बन्धी प्रबन्धहरुको कानुन कार्यान्वयन मापन प्रकृया अगाडि



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

बढाईएको छ । बाल अधिकारका चार खम्बा मध्यको एक, बाल सहभागितालाई बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले निर्धारण गरेको मार्गनिर्देशक सिद्धान्तहरूमा समेत यस विषयलाई उल्लेख गरेको छ । नेपालको संविधानको धारा ३९ को उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ भन्ने उल्लेख छ ।
तर स्थानीय स्तरमा बाल सहभागिताकोबारे राम्रा अभ्याषहरु भएता पनि यस विषयलाई खासै प्राथमिकतामा राखिएको देखिदैन ।



यसै अनुरुप, बालसहभागिताको विषयबारे छलफल गर्न स्थलगत अवलोकन सम्पन्न भएको छ । अवलोकनको क्रममा विधायन व्यवस्थापन समितिको माननीय सदस्यज्यूहरु र कन्सोर्टियम नेपालले संयुक्त रुपमा गरेको थियो । अवलोकन गर्नका लागि दुई समूहको निर्माण गरिएको थियो जस अन्तर्गत एउटा समुह मधेषहुदै कोशी र अर्को समूह कर्णालीहुदै लुम्बिनी प्रदेशमा छलफल सम्पन्न गरिएको छ । अवलोकनका क्रममा निम्न स्थानीय तह र प्रदेशमा छलफल गरिएको थियो :

| दिन | कार्यक्रम |
|---|---|
| २०८२/१/१५ | १. प्रदेशस्तरीय कार्यक्रम, मधेष<br>२. जनकपुर उपमहानगरपालिका सँग छलफल |
| २०८२/१/१६ | १. लहान नगरपालिका सँग छलफल<br>२. बाल क्लब, सप्तरी |
| २०८२/१/१७ | १. बाल सुधारगृह, विराटनगर<br>२. प्रदेशको सम्बन्धित मन्त्रालय सँग छलफल<br>३। विराटनगर उप महानगर |
| २०८२/१/१८ | १. बाल क्लब, विराटनगर |

| दिन | कार्यक्रम |
|---|---|
| २०८२/१/१५ | १. बाल क्लब गुराँसे, दैलेख<br>२. गुराँस गाउँपालिका, दैलेखसँग छलफल |
| २०८२/१/१६ | १. बाल क्लब दुल्लु<br>२. नारायण नगरपालिका, दैलेखसँग छलफल |
| २०८२/१/१७ | १. वीरेन्द्रनगर नगरपालिका सँग कार्यक्रम<br>२. प्रदेशस्तरीय कार्यक्रम, कर्णाली<br>३. बाल क्लब, वीरेन्द्रनगर |
| २०८२/१/१८ | १. कोहलपुर नगरपालिका, बाँके<br>२. बाल सुधारगृह |

### सदस्य संस्थाका गतिविधिहरु

**१. योजना निर्माण प्रकृयामा बाल सहभागिता विषयक छलफल सम्पन्न :**

सप्तरीको राजविराजमा मंगलवार स्थानीय तहको योजना छनौट प्रकियामा बालबालिकाको सहभागिता विषयक अन्तरसम्वाद कार्यक्रम सम्पन्न भएको छ । जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिबनारायण साहको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रम जिल्ला समन्वय समिति सप्तरीको अगुवाइमा आयोजना गरिएको थियो । कन्सोर्टियम नेपालको सहजीकरण र सबल तथा नेपाल सेभ द चिल्ड्रेनको साझेदारीमा आयोजित कार्यक्रममा कुल ६५ जनाको सक्रिय सहभागीता रहेको थियो ।

स्थानीय स्तरमा शुरु हुन लागेको योजना छनौट प्रक्रियामा बालबालिकाहरुको पनि योजनाको छनौटमा सहभागिताको सुनिश्चितताको लागि उक्त कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा १८ वटै पालिकाको पालिका प्रमुख तथा उपप्रमुखज्युहरु, प्रमुख प्रसासकिय अधिकृतहरु, पालिकाको नगर प्रमुख उप प्रमुख प्रमुख, प्रशासकिय अधिकृत महिला तथा बालबालिका शाखाका प्रमुखहरु, बाल कल्याण अधिकारी र जिल्ला बालक्लब संजालका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

### कन्सोर्टियम नेपालले अप्रिल २०२५ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क्र.सं | कार्यक्रम | आयोजक |
|---|---|---|
| १. | Child Participation in Local Level Planning Process | सबल नेपाल |
| २. | सुदुरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालयलाई कन्सोर्टियम नेपालको प्रकाशन हस्तानतरण | |
| ३ | National Level Dialogue on Climate Change | Save the Children |

### नयाँ वर्ष २०८२ को हार्दिक शुभकामना






कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal